# बार्षिक प्रतिबेदन

**2074/075**




महोत्तरी दलित जनजाती उत्थान संघ **(MDJUS)**

पिपरा, महोत्तरी

सम्पर्क कार्यालय : जलेश्वर न.पा. २, महोत्तरी

**सम्पर्क नं. 044-520948, 9807837650, 9854030959**

**Email: mdjus59@gmail.com**

# संस्थागत विवरण तथा सक्षिप्त प्रगती प्रतिबेदन

**संस्थाको पूरा नामः महोत्तरी दलित जनजाति उत्थान संघ (MDJUS)**

**संस्थाको पत्राचार गर्ने ठेगाना**

Pipara-3, Mahottari,

Contact Adress: Jaleswor-2, Mahottari

☎ टेलिफोन नं ०४४-५२०९४८ फ्याक्स नं. ०४४-५२०९४८

इमेल: mdjus59@gmail.com मोबाइल नं. ९८०७८३७६५०,९८५४०३०९५९

फेसबुक: https://web.facebook.com/profile.php?id=100014406466303

सम्पर्क हुन सक्ने व्यक्तिको नाम, पद र ठेगाना : श्याम सुन्दर दास

☎टेलिफोन नं.: ०४४-५२०९४८ मोबाइल नं. 9807837650

इमेल: shyams2059@gmail.com

**संस्थाको लक्ष्य, उद्देश्य तथा परिकलपना**

## दृष्टि (Vision) :

न्यायमुलक र समतामुलक समाजको सृजना

## ध्येय (Mission) :

दलित समाजको विधमान अवस्था र स्तरमा सुधार ल्याउन सामाजिक न्याय र समानताका लागी श्रोत, साधन र निर्णय प्रकृयामा पहुँच पुरयाउने ।

## लक्ष्य (Goal) :

दलित समुदायका व्यक्तिहरु संगठीत भई आफनो अधिकारहरुको दावा गर्दै स्वास्थ्य शिक्षा, आय आर्जन रोजगारको क्षेत्रमा पहुच वृद्धि भई निर्णय प्रकृयामा समावेश भएका हुनेछन् ।

## प्रमुख कार्य क्षेत्रहरु (Specified Areas of work):

दलितहरुको अधिकारका लागि जनवकालत

सशक्तिकरण ,समावेशिकरण तथा मुलप्रवाहीकरण

शिक्षा, खानेपानी तथा वातावरण संरक्षण

संस्थागत विकास र सांगठनिक क्षमता अभिवृद्धि

## उद्देश्य (Objective) :

क) दलित जनजातीको हकहित तथा अन्य समाज सरह सम्मानित जिवन निर्वाह गर्न गराउन प्रयत्नशिल रहने ।

ख) पिछिडिएको दलित जनजातीहरुको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक विकास गर्न प्रयत्नशिल रहने ।

ग) असाक्षरता जनसंख्यालाई साक्षर बनाउन अनौपचारिक कक्षा, प्रौढ कक्षा, महिला कक्षाहरु संचालन गर्ने ।

घ) सुशासन सम्बन्धी व्यापक कार्यक्रमहरु संचालन गरी सम्पूर्ण सरकारी, गैरसरकारी निकायहरुलाई सुशासित गर्न पहल गर्ने ।

ङ) दलित तथा जनजाति समुदायको शैक्षिक स्तर उकास्न विभिन्न क्रियाक्लापहरु संचालन गर्ने ।

च) सामाजिक कुसंस्कार जातिय प्रथा, दहेज प्रथा तथा छुवाछुत अन्त्यका लागी दलित भातृ संगठन तथा अन्य संघसंस्थाहरु संग समेत एक्यवद्धता जाहेर गर्दै आवश्यक कार्य गर्ने ।

छ) दलित तथा जनजाती समुदायभित्रका More Excluded Group का समुदायहरुसंग सम्बन्धीत निति अनुरुप मुल प्रवाहीकरण सम्बन्धी कृयाकलापहरु संचालन गर्ने ।

ज) दलित मानव अधिकार उल्लघंनका घटनाहरुको अनुगमन तथा सार्वजनीक गर्ने ।

झ) दलित वर्गको मौलिक हक तथा मानव अधिकारको सम्बन्धमा घटेका घटनाहरुको सवालमा आवाज उठाउने ।

ञ) स्वाच्छ र सफा पानीको प्रयोग गर्न चेतनाको प्रचार गर्ने ।

## संक्षिप्त रणनिति (Strategy) :

यो संघ समुदायको शक्ति र संजालमाथि विश्वास गर्दछ । त्यसैले यो संघले सम्पूर्ण दलित समुदायको सर्वागिंण विकासको लागी दलित संघ संस्थाको नेटवर्क द्धारा दलित समुदायलाई साक्षर, शिक्षित र सचेत बनाई राज्यको हरेक निकायमा समावेशीकरणको सिद्धान्त अनुरुप कार्य गर्ने रणनीति लिएको छ ।

## संचालित कार्यक्रमहरु :

### १. ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम

**कार्यक्रम संचालन भएको गा.वि.स. : डाम्ही मडै तथा मझौरा विष्णुपुर**

**दातृ निकाय : ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समिति**

**लक्षित जनसंख्या लाभान्वीत हुने घरधुरी संख्या :** ६९४ घरपरिवार

**कार्यक्रम संचालन गर्नुको उद्देश्य :-**

यस कार्यक्रमको उदेश्य नै गरिब समूदायमा सफा तथा स्वच्छ खानेपानीको पहूच तथ प्रयोग गर्न प्रोत्साहन गर्ने रहेको छ । यस कार्यक्रमको उदेश्य अनूरुप समूदायले परम्परागत रुपमा खानेपानीको लागि प्रयोग गरिरहेको हातेकल भए ता पनि सरकारको निति एक घर एक धारा हूनु पर्ने रहकोले यस कार्यक्रम अन्तरगत दूई वटा साविक गाविसहरु डाम्ही मडैको साविक वडा नं. १ र २ तथा मझौरा बिष्णूपूरको साविक वडा नं. २,४,५ र ६ मा सफा, स्वस्थ्य तथा स्वच्छ खोनपानीको प्रयोग गर्न समूदाय संग छलफल गरि खानेपानीको नया संरचना तयार गरिने छ ।

**अहिले सम्म भएको कार्यहरु :**

१. गाविस स्तरिय आमभेलाको आयोजना गरि कार्यक्रम बारे जानकारी दिईएको ।

२. उपभोक्ता समिति गठन भईसकेको ।

३. धारा लिने जम्मा घरधूरी पहिचान भएको ।

४. समाजिक नक्सा तथा श्रोत नक्सा तयार पारी समूदायको सहभागितामा स्वच्छ खानेपानीको फाईदा बारे जानकारी दिई ।

५. बिद्यालयका शिक्षक तथा बिद्यार्थिहरुलाई सहभागि गराई स्वस्थ्य कक्षाहरु लिइको ।

६. टैकी निमार्ण कार्यका लागि आवश्यक सर्वे गरि डिजाईन तयार गरिएको ।

७. जग्गा छनौट समेत गरिएको तथा आयोजनाको नाम समेत तोकिसकेको ।

८. कार्यान्वयन चरनको सम्झौता फन्ड बोर्ड संग भएको ।

९. सम्झौता अनूसारको प्रथम किस्ता रकम समितिको खातामा जम्मा भएको ।

१०. बोर्डिगं गर्ने कार्य भएको ।

११. टयांकी निमार्ण चरणको लागि प्रतिबेदन बोर्डमा पेश गरेको ।

**<u>२. खुल्ला दिशा मुक्त क्षेत्र तथा पुर्ण सरसफाई कार्यक्रम</u>**

**कार्यक्रम संचालन भएको गा.वि.स. : डाम्ही मडै तथा मभ्कौरा विष्णुपुर**

**दातृ निकाय : गप्रमिण खानेपानी तथा सरसफाई कोष विकास समिति**

**लक्षित जनसंख्या लाभान्वीत हुने घरधुरी संख्या** : समपुर्ण साविका गाविस भरिका घरपरिवार

**कार्यक्रम संचालन गर्नुको उद्देश्य :-** यस कार्यक्रमको उदेश्य समाजिक परिचालनको माध्यम बाट समूदायमा सफा तथा स्वच्छ वातावरणको निमार्ण तथा घर घरमा चर्पि निमार्ण गर्न लगाई बाहिर चर्पि गर्ने बानी हटाउने र चर्पिमा दिशा पिसाब गर्ने बानीको बिकास गर्न सहयोग गर्ने रहेको छ । यो कार्यक्रम अन्तरगत दूई वटा साविक गाविसहरु डाम्ही मडै र मभ्कौरा बिष्णूपूरको साविक सम्पूर्ण वडाहरुमा अभियानको रुपमा संचालन गर्ने ।

**समस्याहरु के के थियो:**

फोहर मैलाहरु बाटोमानै फाल्ने र टोलहरु फोहर गर्नै बानी

- दिसा पिसाब चर्पीमा गर्ने बानी नभएको तथा चर्पीको महत्व सम्बन्धी जानकारी

  नभएको र चर्पी निर्माण गर्न रुची नदेखाएको ।

- पिउने पानीको मौजूद श्रोत संरक्षण नगरी फोहर पानीनै पिउने बानी भएको

**समस्या सामाधान का निम्ती अहिले सम्म भएको कार्यहरु :**

V wash CC, W wash CC, युवा समिति, बाल क्लबहरु गठन तथा परिचालन र नियमति छलफल गरि तपसिलका अभियान तथा कार्यहरु गर्ने गरेको:-

१. घर दैलो कार्यक्रम, घर आगंन सरसफाई, गाउ टोल सरसफाई, नारा जूलूस, विद्यालय सरसफाई

२. बटो, पोखरीको डिल, सावजर्निक ठाउ हरुमा नियमित गस्ती गर्ने गरेको र बाहिर दिशा पिसाब गर्नेलाई रोक लगाएको ।

३. साबून पानीले हात धून अभ्यास, चर्पिको प्रयोग पछि साबून पानीले हात धूने अभ्यास गराउने,

४. टोल, बाटो, बजार तथा बिद्यालय सफाई अभियान, फोहर व्यवस्थापन

५. बिद्यालयहरुमा स्वस्थ तथा सरसफाई शिक्षा कक्षा संचालन, वातावरणीय सरसफाई अभियान संचालन

७. घरदैलो कार्यक्रम निरन्तर गरेको, समाजिक परिचालनका माध्यम बाट सार्वजनिक स्थलको फोहोर ब्यवस्थापनका लागि समुदायलाई जागरुक गर्ने प्रयास गरेको ।

८. D wash CC संग अनुगमन गराई कार्यक्रम संचालित साविक गाविसहरु डाम्ही मडै तथा मझौरा बिष्णुपुरलाई ODF अर्थात खुल्ला दिशा मुक्त क्षेत्र घोषण हुन सक्ने भनि निर्णयका साथ सिफारिस गरिएको छ ।

९.कार्यक्रम संचालित साविक गाविसहरु डाम्ही मडै तथा मझौरा बिष्णुपुरलाई ODF घोषण गरियो ।

**समग्र उपलब्धिहरु :**

१. साविक डाम्ही मडै गाविसका वडा नं. १ र २ तथा मझौरा बिष्णुपुर गाविस वडा नं. २,४,५,६ मा क्रमश ३१८ र ३७६ घरपरिवारका लागि स्वस्थ्य, सफा तथा स्वच्छ खानेपानीको लागि टैकी निमार्ण हुने भएको छ ।

२. साविक गाविस डाम्ही मडै तथा मझौरा बिष्णुपुरमा लगभग अधिकाशं घर परिवारले चर्पि निमार्ण गरि प्रयोग गरि रहेको तथा तथा अन्यलाई पनि चर्पि निमार्ण गरि प्रयोग गर्न जनचेतना जगाउने कार्य भईह रहेको छ ।

३. D wash CC संग अनुगमन गराई कार्यक्रम संचालित साविक गाविसहरु डाम्ही मडै तथा मझौरा बिष्णुपुरलाई ODF अर्थात खुल्ला दिशा मुक्त क्षेत्र घोषण हुन सक्ने भनि निर्णयका साथ सिफारिस भई दुवै साविक गाविसहरु डाम्ही मडै र मझौरा विष्णुपुर ODF घोषणा गरियो ।

## ३. सूचना संचार तथा प्रबिधिमा छात्रारयूवतिहरुको पहूच अभिबृद्धि कार्यक्रम :

**कार्यक्रम संचालन भएको गा.वि.स.वा ठाउँ :** जलेश्वर र वरिपरिका स्कुल तथा बर्दिवास र बर्दिबास वरिपरिका स्कुलहरु

**दातृ निकाय : नेपाल दुर संचार प्राधिकरण**

**लक्षित जनसंख्या लाभान्वीत हुने घरधुरी संख्या :** लक्षित ग्रामिण स्कुलका सिमान्तकृत गरिब र जेहेन्दार ४० जना  छात्राहरु

**कार्यक्रम संचालन गर्नुको उद्देश्य :-** यस कार्यक्रमको उदेश्य सूचना संचार तथा प्रबिधिमा यूवति तथा छात्राहरुको न्यून पहूचलाई बढाउनू तथा ICT क्षेत्रमा ग्रामिण र सिमान्तकृत जेहेन्दार छात्राहरुको क्षमता अभिबृद्धि गर्ने रहेको थियो । त्यसतै ICT क्षेत्रमा सिमान्तकृत ग्रामिण छात्राहरुको पहूच बढाई उनिहरुको समाजिक तथा आर्थिक समस्याहरुमा सूधार ल्याउन सहयोग गर्नू रहेको थियो ।

**संचालित क्रियाक्लापहरु :** यस कार्यक्रम अन्तरगत दूई ठाउमा सूचना, संचार तथा प्रबिधिमा छात्रा/यूवतिहरुको पहूच अभिबृद्धि ५ दिने तालिम संचालन गरिएको थियो । उक्त तालिम कार्यक्रम महोत्तरी जिल्लाको जलेश्वर तथा बर्दिबासमा सम्पन्न भएको थियो । दूबै तालिममा २०/२० जना गरि जम्मा ४० जना ग्रामिण सिमान्तकृत छात्राहरुको सहभागिता रहेको थियो ।

जलेश्वरमा आयोजना गरिएको तालिम कार्यक्रमको उदघाटन माननिय बिधायक श्री अभिराम शर्मा ज्यूले गर्नू भएको थियो भने बर्दिवासमा आयोजना गरिएको तालिम कार्यक्रमको उदघाटन बर्दिबास न.पा.का प्रमूख श्री बिदूर कार्कि ज्यूले गर्नू भएको थियो।

**उपलब्धिहरु :**

१. यस तालिमले कम्पूटर चलाउन नजानेका सहभागिहरुलाई यस प्रति रुचि जगाउने सफल भएको ।

२. यस तालिमले कम्पूटर चलाउन जानेका सहभागिहरुलाई कम्पूटरको प्रयोग पढाई लाई राम्ररो बनाउन, विभिन्न समस्याको समाधान गर्न, समसमायिक खोजिनिति गर्न, किताबमा नभएका रोजक जानकारीहरु पत्तो लगाउन, परिक्षामा राम्ररो गर्ने, लोकसेवा तथा अन्य निकायहरुको परिक्षाको तयारी गर्न, समाजिक जनचेतना फैलाउन, विभिन्न किसिका बिभेदहरु हटाउन, कसरी प्रयोग गर्ने भन्ने बारे जानकारी भएका छन् ।

३. सथै सहभागिहरुको ICT सम्बन्धि क्षमता अभिबृद्धि भएको छ ।

४. विभिन्न दैनिक प्रयोगमा आउने कम्पूटर तथा मोबाईल सम्बन्धि ज्ञान हासिल गरेको छ ।

## ४.पदाधिकारी तथा कर्मचारी हरुको सेवा प्रबाह सम्बन्धि तालिम ४ दिने तालिम कार्यक्रम

**कार्यक्रम संचालन भएको गा.वि.स.वा ठाउँ : सिताशरण होटल, जनकपुर**

**दातृ निकाय :** पिपरा गा.पा.

**लक्षित जनसंख्या लाभान्वीत हुने घरधुरी संख्या :** पिपरा गा.पा. वडा नं. ३ का सम्पुर्ण पदाधिकारी तथा कर्मचारीहरु

**पृष्टभुमि :**

नेपालको संविधान जारी भएपछि स्थानीय तहको पुनर्संरचनाको कार्य पुरा भई निर्वाचन समेत सम्पन्न भै करिव ३७ हजार जनप्रतिनिधिहरुले स्थानीय सरकारको नेतृत्व वहन गरि रहेका छन् । संविधान बमोजिम स्थानीय तह सञ्चालन र व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएको छ । त्यसैगरी कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम समायोजन प्रक्रिया आरम्भ भैसकेको छ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा राज्यको पुन संरचनागर्नुका साथै जनप्रतिनिधि मूलक स्थानीय तहलाई स्थानीय सरकारको मान्यता प्रदान गरेको छ । संविधानले स्थानीय स्वायत्त शासनका अन्तरवस्तुलाई आत्मसात गर्नका साथै नेपालको राज्य शक्तिको प्रयोग संविधान तथा कानूनबमोजिम स्थानीय तहले पनि गर्ने व्यवस्था गरेको छ । आफ्नो अधिकार क्षेत्र

भित्रको विषयमा विधायिकी, कार्यकारिणी तथा न्यायिक अधिकार क्षेत्रको प्रयोग गर्न पाउने अवसरको निर्माण भएको छ।

उल्लेखित पृष्ठभूमिमा स्थानीय तहको समग्र सञ्चालन तथा व्यवस्थापन एवम् स्थानीय तहको कार्य कारिणी तथा विधायिकी अधिकार क्षेत्रको प्रयोग तथा कार्य सम्पादनमा प्रभावकारिता र सहजता आउन सकोस् भन्ने उदेश्यले यस **महोत्तरी दलित जनजाती उत्थान संघ, महोत्तरी संस्थाले पिपरा गाउँ पालिकाको सहयोगमा पिपरा गाउँ पालिका वाडा नं.ल १ का निर्वाचित पदाधिकारी र संलग्न कर्मचारीहरु लाई "पदाधिकारी तथा कर्मचारी हरुको सेवा प्रबाह सम्बन्धि तालिम ४ दिने तालिम" जनकपुरको सिताशरण होटेलमा प्रदान गरेको छ।**

**प्रशिक्षण कार्यक्रमको उद्देश्यः**

गाउँ पालिका नर्वाचित पदाधिकारी तथा संलग्न कर्मचारीहरु लाई स्थानीय तहको समग्र सञ्चालन, व्यवस्थापन तथा विकास कार्य र सेवा प्रवाह कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्र्न सो सम्वन्धी व्यवहारिक ज्ञान, सीप र क्षमता विकासमा सहयोग गर्नु यस प्रशिक्षणको मुख्य उद्देश्य रहेकोथियो।

**प्रशिक्षण कार्यक्रम को समय अवधि :**

- ❖ यो तालिम गाउँ पालिका संग सम्झौता भएको मितिले १ हप्ता भित्र सम्पन्न गरिएको थियो ।
- ❖ प्रशिक्षण कार्यक्रम चार दिन सञ्चालन गरिएको थियो ।

**तालिमका सहभागीहरु**

यस प्रशिक्षण कार्यक्रममा पिपरा गाउँ पालिका वडा नं. १ का पदाधिकारी र कर्मचारीहरुलाई सहभागीहरु लगाएर यस तालिममा जम्मा १२ जना सहभागि रहेका थिए। साथै प्रशिक्षक , स्वम्सेबक, संस्थाक पधाधिकारी लगाएर जम्मा १८ जना रहेका थिए जसमा ४ जना महिला र १४ जना १८ जना पुरुष रहेका थिए।

**तालिम बाट प्राप्त उपलव्धीहरु :**

यो तालिम बाट सहभागीहरुले स्थानीय निकाय कसरि चल्छ र कसको कस्तो भूमिका छ, केके अधिकार छ भने कुराहरु लगायत अन्य जानकारीहरु प्राप्त गरेका थिए तथा निम्नानुसारको उपलव्धीहरु प्राप्त भएको छ ।

- ○ राज्यवाट प्राप्त सेवाहरुका बारेमा जानकार भएका छन् ।
- ○ नागरिकलाई स्थानीय सरकारले दिनुपर्ने सुचनार सो को तरिकाको बारेमा जानकार भएका छन् ।

- पारदर्शी स्थानीय शासन निर्माणमा जनप्रतिनिधिको हक, अधिकार भुमिका, जिम्मेबारी र दायित्व का वारेमा जानकार भएका छन्
- नेपालले अपनाएको संघीय प्रणालीको बारेमा जानकार भएका छन्
- स्थानीय सरकारको भुमिका र जिम्मेवारीका वारेमा जानकार भएका छन्
- स्थानीय जनप्रतिनिधीहरुको भुमिका र स्थानीय सरकारले प्रवाह गर्ने अत्यावश्यक सेवाका बारेमा जानकार भएका छन्
- नेतृत्वले ध्यान दिनुपर्ने कुराको वारेमा जानकार भएका छन्, नेता नेतृत्व र नेतृत्वका विशेषताहरु बारेमा जानकार भएका छन् , नेता, नेतृत्व र सामाजिक परिचालनको सामान्य अवधारणा वारेमा जानकार भएका छन् ।
- जैविक लिंड्ग र लैङ्गिकताको भिन्नता र लैङ्गिक समानता भनेको के हो भन्नेवारेमा जानकार भएका छन्, लैङ्गिक समानताको महत्व बारेमा जानकार भएका छन् , लैङ्गिक उत्तरदायी बजेटसम्वन्धि अन्तराष्ट्रिय र राष्ट्रिय जानकारी प्राप्त भएको छ ।
- समावेशीकरण के किन भन्ने वारेमा जानकार भएका छन् , समावेशी विकासको लागि आफ्नो भुमिकाका बारेमा बताउन सक्ने भएका छन् ,
- नेपालका समावेशीकरणमा भएको कार्यहरु बारे जानकार भएका छन्, सामाजिक समावेशीकरणका लागि जनप्रतिनिधिहरुको भुमिकाको खोजी गर्न सक्ने भएका छन् ।
- स्थानीय तहमा पूर्वाधार विकास मापदण्ड र वडाको भूमिका बारेमा जानकार भएका छन्
- व्यवस्थापनको क्षमता र सिप वारेमा जानकार भएका छन् , व्यवस्थापनका अष्ट मनोवृत्ति बारेमा जानकार भएका छन्, कार्यपालिका सभा (गाउँसभा) को बैठक सम्बन्धी प्रावधान बारे जानकार भएका छन् ।
- राज्यवाट प्राप्त सेवाहरुका बारेमा जानकार भएका छन्, नागरिकलाई स्थानीय सरकारले दिनुपर्ने सुचना र सो को तरिकाको बारेमा जानकार भएका छन्, पारदर्शी स्थानीय शासन निर्माणमा जनप्रतिनिधिको भुमिका का वारेमा जानकार भएका छन्
- बालमैत्री स्थानीय शासन बारेमा जानकार भएका छन् , बाल बालिका सम्वन्धि कानूनी व्यवस्था तथा बालमैत्रि स्थानीय शासनका सूचकहरुका बारेमा जानकार भएका छन्, बालमैत्री स्थानीय निकाय निर्माणमा जनप्रतिनिधीहरुको भुमिका वारेमा जानकार भएका छन् ।
- नेपालमा सामाजिक परिचालनको विकासक्रम र अभ्यास वारे वताउन सक्ने भएका छन् , सामाजिकर आर्थिक रुपान्तरणका लागि सामाजिक परिचालनको औचित्य र आवश्यकता वारे जानकारी प्राप्त गरेका छन् , परिवर्तित परिवेशमा सामाजिक परिचालनको कार्यनीति पहिचान गर्न सक्ने भएका छन् |

**भवि योजना :**

१. यो योजनामा ३०% समूदायबाट नगद योगदान तथा श्रमदान समेत गर्नू पर्ने भएको मूसहर जातजातीको नगद योगदान गर्न नसक्ने अवस्था रहेको र अन्य जातजातीमा समेत नगद योगदान गर्न समस्या रहेको देखिएकोले गाउपालिका संग समन्वय गरि केहि रकम छूटयाउन माग गर्ने योजना रहेको छ ।

२. अगामी दिनमा उपभोक्ता समितिका सदस्यहरु सरसफाई प्रति सचेत गराउदै साथै निरन्तर चर्पिको प्रयोग गर्न प्रोत्साहन गर्न लगाउने ।

३. व्यवक्तिगत, घरायसी तथा बतावरणिय सरसफाईमा ध्यान दिन समाजिक चेतना फैलाउने ।

४. विद्यालय पनि नियमित सरसफाई गरि बालबालिकालाई सफा लूगा लगाउने, नियमित नूहाउने र नियमित चर्पि प्रयोग गर्न प्रोत्साहन गर्ने ।

५. गठित उपभोक्ता समितिको प्रत्यक्ष सहभागितामा टैकीं निमार्ण गर्न लगाउने ।

६. छनौट भइसकेको घरधूरीहरुको घर घरमा खानेपानीको पाईप पूर्‍याउने ।

७. D wash CC संग अनुगमन गराई कार्यक्रम संचालित साविक गाविसहरु डाम्ही मडै तथा मझौरा बिष्णुपुरलाई ODF अर्थात खुल्ला दिशा मुक्त क्षेत्र घोषण गरि सकिएकोले अब POST ODF को कार्यक्रमहरु संचालन गर्ने ।

८. दलित, जनजाती तथा महिला समुदायको समग्र हित तथा विकासका लागि विभिन्न दातृ निकायहरु संग सहकार्य गर्न प्रस्तावनाहरु पेश गर्ने तथा विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

९. विभिन्न जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्न सहयोगी हातहरु तथा अन्य अभियानी संस्थाहरु संगको सहकार्य गर्ने ।

१०. युवा युवति छात्र छात्राहरुको समग्र विकासका निमित विभिन्न आयोजनाहरु निमार्ण गरि विभिन्न निकायहरुमा पेश गर्ने तथा सहकार्यको बातावरण तयार गरि कार्यक्रम संचालन गर्ने ।

# फोटोहरु :

## ODF अभियान तथा खानेपानी बोर्डिगं जडान कार्यक्रमको झलकहरु









## <u>ODF घोषणा समारोहमा सहभागि तथा अतिथिहरु</u>






## <u>ODF घोषणा समारोहमा सहभागि तथा अतिथिहरु</u>






## पदाधिकारी तथा कर्मचारी हरुको सेवा प्रबाह सम्बन्धि तालिम ४ दिने तालिम कर्यक्रमको फोटोहरु













सशर्त अनुदान
Bailley




पदाधिकारी तथा कर्मचारीहरुको सेवा प्रवाह
सम्बन्धि ४ दिने तालिम
सहयोगी
पिपरा गाउँ पालिका
पिपरा महोत्तरी
आयोजक
महोत्तरी दलित जनजाति उत्थान संघ
महोत्तरी


पदाधिकारी तथा कर्मचारीहरुको सेवा प्रवाह
सम्बन्धि ४ दिने तालिम
स्थान :- सिताशरण होटल,जनकपुर
सहयोगी
पिपरा गाउँ पालिका
पिपरा महोत्तरी
आयोजक
महोत्तरी दलित जनजाति उत्थान संघ
महोत्तरी

**ICT Skill Training  PHOTOS of Training –Jaleshwor-1**




**Group Photo of Participants with Guest**



**Participants Operating Laptop and learning about internet**



**Participants groups discussion**




**Participant receiving Dictionary from DEO Thulbabu Dahal**

# ICT Skill Training PHOTOS –Jaleshwor-2




**Participant receiving Dictionary from Honorable MLA Mr. Abhiram Sharma**




**Teaching by Trainer Suresh Thakur**



**Participants operating computer**



**Participants knowing about the parts of computer**

**ICT Skill Training PHOTOS of Training –Bardibas-1**





**Event being formally started by Mayor Mr. Bidur Karki**




**Distributing English-Nepali Dictionary to participants by Mayor**



**Practice session**

## PHOTOS of Training –Bardibas-2



**Practice session**



**Theory session**




**Practice Session**



**Practice Sesion**

## PHOTOS of Training –Bardibas-3




Session for Social Evils campaigns and understanding



Participants Attention




campaigns and understanding




End day speech by a participants on how they feel and what the learn

# PHOTOS of Training –Bardibas-4




**Group Photo of Participants**




**Opening Session**




**Providing Certificates to Participants**




**Providing Certificates to Participants**